
# फिक्कल गाउँपालिका, सिन्धुलीको विभिन्न वडाहरूमा गरिएको चिया तथा कफी सम्भाव्यता अध्ययन प्रतिवेदन

नेपालमा संघीयता लागु भए पश्चात सिन्धुली जिल्लाको पूर्वोत्तर क्षेत्रका साविक महादेवडाँडा, सुम्नाम पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गाउँ विकास समितिहरुलाई मिलाएर




फिक्कल गाउँपालिका निर्माण गरिएको हो ।समुन्द्र सतहबाट २३८६ मि.को उचाइमा अवस्थित रमणीय पर्यटकीय स्थल फिक्कल चुचुरोको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । महाभारत श्रृङखलामा पर्ने फिक्कल चुचुरो जिल्लाकै सर्वोच्च स्थल हो । मनोरम दृश्यावलोकनका लागि प्रसिद्ध फिक्कल चुचुरो यस गाउँपालिका भित्रको महत्वपूर्ण पर्यटकीय स्थल हो जहाँ भिउ टावर समेत निर्माण गरिएको छ। मध्यपहाडी लोकमार्गको सिन्धुली खण्डको अधिकांश भाग यसै गाउँपालिकाको उत्तरी क्षेत्र भएर गएको साथै खेति योग्य जमिनहरू पर्याप्त भएकाले यस फिक्कल गाउँपालिकाको भविष्य आर्थिक रुपले उज्वल छ ।

## फिक्कल गाउँपालिका, सिन्धुलीको भौगोलिक अवस्थिति

### माटोको अवस्था

फिक्कल गाउँपालिकाको भू-बनोट पहाडी भू-भाग, भिरालो ठाउँ, नदी उपत्यका र केही समतल भूमिको मिश्रणले भरिएको छ, जुन मध्य पहाड (महाभारत पर्वत शृङ्खला) क्षेत्रको विशिष्टता हो। यहाँको भू-बनोट, हावापानी र भू-उपयोगबाट प्रभावित विविध माटोको अवस्था छ। विशेष गरि यहाँ तीन प्रकारका माटो पाइन्छन् -रातो माटो(प्राय अम्लिय हुने), बलौटे दोमट माटो(कृषिको लागि उपयुक्त), चट्टानी र गिट्टीको माटो भिरालो भू-भागमा पाइने, कम उर्वर भएको। भ्रमण गरिएका स्थाहरूमा भने प्राय बलौटे दोमट माटो, केहि स्थानहरूमा बालुवाको मात्रा धेरै र केहि स्थानमा हल्का चट्टानी माटो भएको पाइयो।

### उचाई

यहाँको भूभागहरू ३०० मि. देखि २३८६ मि. सम्म रहेका छन् । हाल नेपालमा चियाको लागि समुन्द्र सतहबाट १००० देखि २७०० मि. को उचाइ र कफीको लागि ८०० देखि १६०० मि. सम्मको उचाई राम्रो मानिएको छ। भ्रमण गरिएका वडा नं. १ का स्थानहरू १६०५ मि. देखि २१७३ मि. को उचाइ सम्म पाइयो भने वडा नं. २ र ३ का स्थानहरू ७२२ देखि १९०० मि. सम्म पाइयो।

### तापक्रम

फिक्कलमा विविध खेतीका लागि अनुकूल हावापानी रहेको छ। उपत्यकाहरू वर्षभरि न्यानो हुन्छन्, जबकि माथिल्लो भूभाग चिसो हुन्छ, जसले बाली छनौटहरूलाई प्रभाव पार्छ। तल्लो बेल्ट (३००–८०० मिटर) मा तातो गर्मी (सिट्रस, आँपको लागि उपयुक्त)। मध्य-पहाडी क्षेत्र (८००–१,२०० मिटर)मा न्यानो मौसम भएकोले मकै, कोदो, तरकारीको लागि आदर्श हुने र उचाइ <१,२०० मिटर मा चिसो हुने हिउँ असिना पर्ने सम्भावना हुन्छ र त्यस्ता फार्महरूमा कहिलेकाहीं लामो समय चिसो मौसम भएमा तुसारोले बाली लाई क्षति पुऱ्याउँछन्। सित तुषारो पर्ने स्थानमा कफी नभइ चिया लगाउन उपयुक्त हुन्छ। भ्रामण गरिएका स्थानहरूमा माथिल्लो भेगमा भने तुषारो जाडो याममा पर्ने जानकारी भयो।

### वर्षा

सिन्धुली जिल्ला र नजिकैका स्टेशनहरू (जस्तै सिन्धुली मढी) मा आधारित तथ्याङ्क अनुसार २०८१/८२ मा अनुमानित १८०० देखि २२०० एमएम वर्षा प्रति वर्ष भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार समग्र नेपालको २०२३ को मनसुन सामान्य भन्दा १०-१५% भारी थियो भने जाडो याम सुख्खा भई औसतभन्दा कम हिउँदे वर्षा भएकोले गहुँ/तरकारी बालीलाई असर गरेको थियो। त्यसै गरी पूर्व-मनसुनमा केही असिनासहित वर्षाले बालीनालीलाई क्षति पुऱ्याएको थियो।

### मोहाडा

उत्तर पूर्वी मोहोडा चिया र कफी रोपनको लागि उपयुक्त मानिएता पनि १००० मि. मुनि विहानको र हल्का घाम लाग्ने स्थानमा लगाइएका कफीले राम्रो स्वाद र क्यारेक्टर दिने साथै १००० मि. माथि दिउँसोको घामले भेट्ने स्थानमा लगाइएको कफी स्वादिलो हुने अध्ययनले देखाएकोमा मोहोडा अनुरूप छहारीको व्यवस्था गरि कफी लगाउन सकिने।

### जमिनको अवस्था

केहि जमिनहरूमा मकै, धान, गहुँ, आलु लगायतका बालीहरू लगाएको देखियो भने कति स्थानहरू बाँझो रहेको पाइयो। अवलोकन गरिएका स्थानहरू समतल, कोहि ३० देखि ३५ डिग्रीको भिरालो पन देखियो भने कतै कान्ला बनाई खेति गरि हाल बाझो अवस्थामा रहेको पाइयो।

### छहारी

चिया खेतिको लागि छहारी खासै आवश्यक्ता नपरेता पनि कफी खेतिको लागि भने छहारी अनिवार्य रूपमा आवश्यक पर्दछ। कलिला कफीका विरूवाहरूलाई कम्तिमा पनि ५०% छहारी आवश्यक पर्ने र छहारीको व्यवस्था नगरेमा घामको रापले डढुवा रोग लागि मर्ने भएकोले रोपन गर्दा छहारीको व्यवस्था भएको स्थानमा कफी लगाउनुपर्छ। अवलोकन गरिएका स्थानहरूमा कतै पातलो डालेघाँसहरू लगाइएको पाइयो भने कतै खुला अवस्थामा जमिनहरू रहेको पाइयो।

## अन्य संशाधनहरू

### सिंचाइ

फिक्कल गाउँपालिकाका सबै स्थानहरूमा खाने पानीको व्यवस्था भइसकेकोमा खेतिका लागि भने सो पानी पर्याप्त नहुने भएकोले सिंचाइका लागि पानी ट्याङ्की वा पोखरीको व्यवस्था गर्न सकिने देखियो।

### सडक

यहाँको भित्री सडक संजाल भने कच्ची बाटोको रूपमा भ्रमण गरेका सबै स्थानहरूमा पुगेको पाइयो। सार्वजनिक सवारी साधनहरू पर्याप्त संख्यामा नहिडेता पनि यात्रीहरूले नीजि बाइक र साना गाडीहरूमा सहजै यात्रा गर्न सक्ने अवस्था रहेको देखियो।बर्खामा भने कच्ची बाटो भएकोले यात्रा गर्दा केहि कठीनाई हुन सक्ने देखिन्छ।

### विजुली

फिक्कल गाउँपालिकाका सबै स्थानहरूमा विजुलीको सुविधा पुगेको करा बुझियो। सिंचाइ लगायत खाने पानी मुहानबाट वस्ति सम्म पुर्याउनका लागि पनि विजुलीको प्रयोग मार्फत मोटर चलाइने कुरा जानकारी भयो।

### मानव संशाधन

१५,९१० (२०७८ को जनगणना अनुसार) जनसंख्या रहेको यस गाउँपालिकामा कृषि पेशा नै मूल पेशा भएकोमा धेरैजसो युवाहरू वैदेशिक रोजगारीमा गइरहेको परिवेशमा केहि समय पछि महिला, बालबालिका र वृद्धवृद्धा मात्र हुने अवस्था श्रृजना हुन सक्ने देखिन्छ।यसै विषयलाई मध्यनजर गर्दै युवाहरूलाई गाउँमा नै रोजगार उपलब्धताको अत्यावश्यक छ जुन चिया र कफी खेति मार्फत हुन सक्दछ।

### अवलोकन गरिएका क्षेत्रमा खेती गरिएका प्रमुख बालीहरू

मकैं, अदुवा, अलैंची, फापर, कोदो, आलु, किवी, धान,गहुँ, राजमा, भटमास, केरा, बोडी, तरकारी आदि।

**अवलोकन गरिएका क्षेत्रमा रहेका प्रमुख कृषि-वन रूखहरू**

रूद्राक्ष, रूख कटर, भुइ कटर, एभोकाडो,आँप, लिचि, अनार, अंगुर, कागति, निबुवा, खनिउ, धनकाठ, गुँरास, चिलाउने, उत्तिस,काफल आदि।

**मुद्दाहरू**

आफूसंग भएको पूख्यौंली जमिनहरू प्राय बाँझो नै छोडिएका, कसैको बाली बाँदर र दुम्सि जस्ता जनावरहरूले विगार गर्ने भएका कारण फिक्कल गाउँपालिकाका किसानहरूले चिया तथा कफी उत्पादनमा रुचि राखेका छन् तर पूर्णतया चिया र कफीको बारे धेरै कुरा जान्ने मौका नपाएकोले कृषकहरूले जोखिम लिन नचाहेको अनुभव भयो।

**भ्रमण गरिएका स्थानहरू र त्यहाँको अवस्था**

| वडा नं. | स्थान | उचाइ | अवलोकन गरिएको जग्गाको अवस्था | अन्य बाली | सिंचाइ | सित तुषारो | सम्भाव्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पाथिभरा डोडे | १८०० | बाझो | | पुर्याउन सकिने | पर्ने | चिया | |
| | दमार | १७८९ | बाझो | किवि,आलु आदि | सिंचाइ भएको | तुषारो पर्ने ओषिलो | चिया | |
| | रचनेथाम | २१७३ | बाझो | | सिंचाइ गर्न सकिने | तुषारो पर्ने ओषिलो | चिया | |
| | भेडीगोठ | २१३० | बाझो | | सिंचाइ गर्न सकिने | तुषारो पर्ने ओषिलो | चिया | |
| | महादेव डाँडा | १६०५ | प्राय बाझो | मकै, अदुवा लगायत | | हल्का माघ महिनामा पर्ने | माथिल्लो भेगमा चिया तल्लोमा कफी | बलौटे माटो भएकोले मल पर्याप्त लगाउनु पर्ने |
| | पाथीभरा भोटेगाउँ | १६१७ | बाझो खर बारी | मकै, कागती | सिंचाइ गर्न सकिने | पहिला धेरै पर्ने अहिले मध्यम | चिया | |
| २ | खोर्सानि | ८६२ | सल्लाघारी,उत्तिस, चिलाउने, गुराँस, काफल | मकै खेति | सिंचाइको समस्या | पर्ने | कफी लगाउन सकिने | सल्लाघारी भएको स्थान रूखो हुनाले त्यस्तो स्थानमा कफी लगाउन नसकिने |
| | लुम्ति | ७२२ | सल्लाघारी,उत्तिस | मकै | सिंचाइको | पर्ने | चिया कफी | मेवा,अनार, ज्यूनार, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | , चिलाउने, गुराँस, काफल | खेति | समस्या | | नहुने | सुन्तला, निबुवा कागती लगाएको तर प्राय मरेका |
| ३ | खानीगाउँ | ८९६ | आँप, अनार, लिचि, भोगटे, निबुवा, एभोकाडो, मरिच, रूद्राक्ष, रूख भुँइ कटर | फर्सी, प्याज, लसुन, मकै | पानी टयाङ्की बनाइ सिंचाइको व्यवस्था गरिएको | खासै नपर्ने | कफी हुने | ३/४ घरले कफीको विरूवा आफ्नै पहलमा लगाएका। निजी खपतको लागि सो कफी प्रयोग हुने। |
| | सिलामे | १२०० | बाँझो | | पानी टयाङ्की बनाइ सिंचाइको व्यवस्था गरिएको | नपर्ने | चिया कफी हुने | बाख्रा पालन |
| | चनौटे | १९०० | बाँझो | | पानी टयाङ्कीको व्यवस्था गर्न सकिने | हल्का पर्ने | चिया हुने | वडा कार्यालय भएको स्थान |

**अवलोकनार्थ परिणाम**

**वडा नं. १ का भ्रमण गरिएका स्थानहरू मध्ये** पाथिभरा डोडे, दमार, रचनेथाम, भेडीगोठ, पाथीभरा भोटेगाउँ र महादेव डाँडा १६०० देखि २१७३ मि. को उचाइमा रहेको साथै चिसो मौसम र जाडो महिनामा तुषारो पनि पर्ने भएकोले त्यस स्थानहरूमा चिया लगाउन हुने देखियो। महादेव डाँडा बजार १६०५ मि.को उचाइमा रहेता पनि त्यसैको तल्लो भेगमा तुषारो माघ महिनामा छोटो समय मात्र पर्ने भएकोले त्यस्ता स्थानमा भने कफी लगाउन उपयुक्त हुन्छ।

**वडा नं. २ का खोर्सने र लुम्तीका भ्रमण गरिएका स्थानहरू मा** सल्लाघारी भएको देखिएको साथै तहाँको स्थानियको जानकारी अनुसार जाडो महिनामा तुषारो लामो समय पर्ने र अन्य बाली तथा फलफूलहरू पनि हुर्काउन समस्या हुने भएकोले चिया/कफी लगाउन उपयुक्त नरहेको देखियो।

**वडा नं. ३ का भ्रमण गरिएका स्थानहरू मध्ये खानीगाउँमा** ३-४ घरपरिवारहरूले आफै कफी लगाइ घरेलु कफी बनाएर पिउने गरेको जानकारी भयो।कफी खेतिका लागि उपयुक्त उचाइ रहेको साथै

सो स्थानमा कफीको राम्रो सम्भावना देखियो। सिलामे र चनौटेमा भने उचाइ पनि १६०० मि. माथि र सित, तुषारो पनि पर्ने स्थान भएकोले कफी नभइ चिया खेतिका लागि उपयुक्त देखिएको छ।

**सिफारिसहरू / भविष्यका दृष्टिकोणहरू**

यस सम्भाव्यता अध्ययनले सिन्धुली जिल्लाको पहाडी क्षेत्रहरू र विशेष गरी ८०० देखि २१०० मि. सम्मको क्षेत्रफलको केहि स्थानहरू भ्रमण गरी प्रारम्भिक अध्ययन गरियो। तहाँको हावापानी, माटो, उचाइ र अन्य सामाजिक आर्थिक अवस्थाको अध्ययन गर्दा सिफारिस गरिएका क्षेत्रहरूमा कफी र चिया दुबै खेतिको लागि उपयुक्त देखिएको छ।

**अब गर्नुपर्ने आवश्यक कार्यार्थ**

- सुरुमा तहाँको चिया कफी रोपनका लागि माटो परीक्षण गर्नु आवश्यक छ।
- केही स्थानहरूमा छहारी नभएको पाइएकोले सो स्थानहरूमा छहारीको व्यवस्था गर्ने र छायाँदार रूखहरू भएका क्षेत्रहरूमा भने कफी रोपनका लागि पहल गर्न सकिने।
- स्थानीय स्तरमा चिया/कफी हुने स्थानमा सोही अनुरूप गाउँपालिकाको नेतृत्वमा चिया/कफी कृषक समूह गठन गरिनुपर्ने ।
- सो अनुरूप समूहका कृषकहरूलाई चिया/कफीको अभिमूखिकरण तालिम संचालन गरिनुपर्ने र सो समुहको नेतृत्वमा चिया/कफीको उत्पादनको लागि माग सङ्कलन गरिनुपर्ने।
- चिया/कफीको विरूवा वितरण, नर्सरी स्थापना लगायत रोपन कार्यक्रमहरू गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानिय रूपमा चिया र कफीको व्यावसायिकिकरणमा समेत जोड दिनुपर्ने।

**बुँदाहरू विचार गर्नुपर्छ**

- छाँयादार रूखहरूको व्यवस्था नगरी कफी रोप्नु हुँदैन।
- ८०० मि.भन्दा कम उचाइमा चिया/कफी खेती गर्नु हुँदैन।
- कुनै पनि रासायनिक मल र कीटनाशक प्रयोग नगर्नु हुँदैन।
- ८०० देखि १६०० मिटर उचाइ भित्र पनि तुषारो पर्ने स्थानहरूमा कफी रोपन गर्न हुँदैन।
- सिंचाइको व्यवस्था नभएका स्थानहरूमा सिंचाइको व्यवस्था गरिनुपर्छ।

**स्थानियहरूसंगको संवादमा आधारित विवरण**

| क्रसं. | नाम | वडा | गाउँ | विचार |
|---|---|---|---|---|
| १. | चन्द्र बहादुर रजन मगर | ०१ | खानीगाउँ | कफी आफै लगाएको र कफी खेति, नर्सरी सम्बन्धी तालिम पनि लिएको।१५ वर्ष पहिले ओखलढुङ्गाबाट कफी ल्याएर लगाएकोमा हाल ६ बोट रहेको जसबाट उत्पादित चेरीको हाते प्रशोधन गरि खपत गर्ने गरेको। |
| २ | सोममाया विश्वकर्मा | ०१ | महादेवडाँडा/ महाभारत | विरूवाको लागि वडा या पालिका बाट सहयोग् पाएमा कफी लगाउन इच्छुक रहेको |
| ३ | रूद्र मगर | ०१ | नर्कटे/महाभारत | बाँदर र दुम्सिले बाली विगार्ने भएकोले चिया/कफी लगाउन इच्छुक |
| ४ | चन्द्र बहादुर सुनुवार | ०१ | सिउरेनी | कृषि संस्था दर्ता गरि सुन्तला, कागती, अलैंची लगायतबाट आम्दानी लिदैं गरेको। सहयोग पाएमा कफी लगाउन इच्छुक रहेको। |
| ५ | ललित रचन मगर | ०३ | सिलामे | २२ रोपनी जग्गामा कफी खेति गर्न इच्छुक। |
| ६ | प्रदिप नेपाली | ०१ | महादेवडाँडा | १०/१२ रोपनी बाझो जमिनमा कफी लगाउन इच्छुक |
| ७ | तिलमाया मगर | ०३ | चनौटे | खाली रहेको जग्गामा चिया लगाउन उत्सुक भएको |
| ८ | सम्भु बहादुर मगर | ०३ | चनौटे | ८-९ रोपनी जग्गा बाँझो रहेकोमा सहयोग भएमा नयाँ बाँदर/दुम्सी जस्ता जंगली लगाउन इच्छुक। |
| ९ | दिपक ब. श्रेष्ठ | ०३ | चनौटे | ७ रोपनीमा चिया लगाउन सहयोग मिलेमा लगाउने |
| १० | फडिन्द्र प्रसाद पहाडि | ०२ | लुम्ति | अनार, जुनार, सुन्तला, मेवा लगाएको तर कुनै पनि नरप्रेको। गर्मी र सुख्खा धेरै हुने भएकोले चिया कफी नहुने। |

अन्त्यमा, फिक्कल गाउँपालिकाका अधिकांश भ्रमण गरिएका क्षेत्रहरू चिया र कफी रोपनका लागि भौगोलिक रूपमा उपयुक्त देखिएता पनि सर्वप्रथम माटोको परिक्षण गरि त्यससंगै छहारी नभएका स्थानमा छहारी व्यवस्थापन पश्चात मात्र कफी लगाउन राम्रो हुनेछ। साथै, चिया/कफी समूह गठन गरि कार्य अघि बढाउँदा सो कार्य सहज हुनेछ।

**प्रतिवेदक**

........................
फूल कुमारी चेम्जोङ
कम्प्यूटर अपरेटर

............................
तायामा राई
कृषि प्राविधिक

फिल्ड अनुगमनका तस्विरहरू





**तस्विर नं. १** खानीगाउँ अवस्थित जमिनमा केहि बोट कफी लगाइएको।



**तस्विर नं. २** चन्द्र बहादुर रजन मगरज्यूकोमा आँप लगायतका विरूवा मुनि लगाइएको कफीको बोट

**तस्विर नं.** ३ फ्रेस चेरी उत्पादन गर्दै गरेको कफीको बोट र कफी रोपनका लागि सम्भाव्यता रहेको



**तस्विर नं.** ३ फ्रेस चेरी उत्पादन गर्दै गरेको कफीको बोट र कफी रोपनका लागि सम्भाव्यता रहेको जग्गा।





तस्विर नं .४ सिलामेको बाझो रहेको २२ रोपनी जमिन।



तस्विर नं .४ सिलामेको बाझो रहेको २२ रोपनी जमिन।



तस्विर नं .५ सिंचाइका साथै माछा पालनका लागि निर्मित पोखरी।







तस्विर नं .६ पिउने पानी र सडकको अवस्था।

तस्विर नं .७ पाथिभरा डोडे र भेडिखोरका बाझो जमिन।





तस्विर नं .७ पाथिभरा डोडे र भेडिखोरका बाझो जमिन।





तस्विर नं .८ महादेव डाँडा ।





**तस्विर नं ९.** महादेव डाँडा र नर्कटेका स्थानियहरूसंग संवाद गर्दै।





तस्विर नं १० नर्कटे र महादेव डाँडाका बाझो जमिनहरू।

तस्विर नं ११ पाथिभरा भोटेगाउँमा रहेको जमिन।





तस्विर नं ११ पाथिभरा भोटेगाउँमा रहेको जमिन।





तस्विर नं ११ चनौटे वडाकार्यालय नजिकैको जमिन।